**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०४ मई २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगालमा भारतीय जनता पार्टी ऐतिहासिक जीत तर्फ अग्रसर, दुई तिहाई सिट जित्ने प्रबल संभावना। अहिले सम्म भाजपाले ४८ सिटमा जीत हासिल गरेको अनि १५६ सीटमा अघि छ भने टिएमसी ले २१ सिट जितिसकेको छ। अनि ६२ सीटमा अघि छ।

- राज्यको सत्तामा भाजपा आउने तय भएपछि नवान्न सचिवालयले सुरक्षा बढ़ाएको छ।

- जीटिए क्षेत्रका सबै तीन सीटमा भाजपाको बम्पर जीत। कुचबिहार, जलपाईगुड़ी , अलिपुरद्वार जिल्लाहरू तथा सिलगड़ी मतिगड़ा- नक्सलबाड़ी र फाँसीदेवा सीटमा भाजपाको जीत निश्चित भएको छ।

- असममा तेस्रो पल्ट प्रचण्ड बहुमतका साथ भाजपा सत्तामा फर्किरहेको छ। तामिलनाडुमा पहिलो चोटी चुनाव लड़ीरहेको टि.भी.के पार्टी सबभन्दा ठूलो दलको रूपमा उदित भएको छ। केरलममा कम्युनिष्ट पार्टी गठबन्धनको एकमात्र किला ढ़लेको छ र कांग्रेस गठबन्धनले सरकार बनाउने छ। पुदुचेरीमा एन.डि.ए पुनः सत्तामा फर्किन्दै छ।

- पश्चिम बंगालका मुख्य निर्वाचवन अधिरीले राज्यको चुनावलाई सफल,शान्तिपूर्ण र ऐतिहासिक बताउनु भएको छ।

- भारतले लिपुलेकबारे नेपाल सरकारको आपत्तीलाई  खारेज गरिदिएको छ।

**पश्चिम बंगाल मतगणना रूझान-**

पश्चिम बंगाल, असम, केरलम, तमिलनाडु र पुदुचेरीमा विधानसभा चुनावको मतगणना जारी छ।मतगणनाको रूझानहरुले भविष्यको राजनीतिको दिशा तय हुने संकेत गरिरहेको छ। असम र पुडुचेरीमा, एनडीएले सत्ता कायम राख्ने तयारी गरिरहेको छ, जबकि पश्चिम बंगाल, तमिलनाडु र केरलममा ऐतिहासिक परिवर्तन हुने  देखिन्दै छ। स्वतन्त्रता पछि पहिलो पटक, भारतीय जनता पार्टी पश्चिम बंगालमा सरकार बनाउने तयारीमा छ। 15 वर्ष सत्तामा रहेपछि तृणमूल कांग्रेसले यी चुनावहरूमा हारको सामना गरिरहेको छ।राज्यमा मतदाता सूचीहरूको विशेष, गहन पुनरीक्षण पछि यो पहिलो विधानसभा चुनाव हो। राज्यको 294 सिटको लागि मतदान यस महिनाको 23 र 29 तारिखमा दुई चरणमा सम्पन्न भएको थियो।सरकार बनाउन कुनै पनि दल वा गठबन्धनलाई 148 सिटको आंकडाको आवश्यकता  हुदँछ। विधानसभाका  294 सिटहरु मध्ये 293 को रूझान प्राप्त भएको छ। भारतीय जनता पार्टीले निर्णायक अग्रता लिएको छ, 156 सिटमा अग्रता लिएको छ र 48 सिट जितेको छ। तृणमूल कांग्रेस 62 सीटहरुमा अघाड़ी छ र उसलो 21 सीट जीतेको छ। भारतीय कांग्रेस पार्टी 1 र ए.जे.यू.पी 2 सीटमा अघाड़ी छन्।

भाजपाले ४५.३६ प्रतिशत र टिएमसी ले ४०.८२ प्रतिशत अहिलेसम्म प्राप्त गरेको छ।

पश्चिम बंगालमा दुई चरणमा सम्पन्न चुनावमा 92 दशमलव चार-सात प्रतिशत मतदान भएको रेकर्ड गरिएको छ, जुन स्वतन्त्रता पछिको सबैभन्दा अधिक मतदान हो। दुई मईमा, मगरहाट पश्चिमका 11 वटा बुथ र डायमंड हार्बरका चारवटा विधानसभा क्षेत्रहरूमा पुन: मतदान गराईएको थियो।निर्वाचन आयोगले निर्वाचन सम्बन्धी अपराध र लोकतान्त्रिक प्रक्रियामा अवरोध पुऱ्याएको आरोप लगाउँदै फाल्टा निर्वाचन क्षेत्रका धेरै मतदान केन्द्रहरूमा पुन: मतदान गर्न आदेश दिएको छ। पुन: मतदान यसै महिनाको 21 तारिखमा हुनेछ र मतगणना 24 मईमा हुनेछ।

**भारतीय जनता पार्टी**

दार्जिलिङ र कालेबुङ जिल्ला मतगणना भारतीय जनता पार्टीले दार्जिलिङ पहाडको तीनै सीट दार्जिलिङ, खरसाङ तथा कालेबुङमा ऐतिहासिक जित हासिल गरेको छ। सिलगढी, मतिगढा-नक्सलबाडी र फाँसीदेवा सीटमा पनि भाजपा ऐतिहासिक जिततर्फ अग्रसर छ। सुनौँ होस्

**हाम्रा संवाददाताको एक रिपोर्ट – byte**

**असम-मतगणना -**

असममा सत्तारुढ भारतीय जनता पार्टी लगातार तेस्रो पटक सरकार बनाउन गईरहेको छ। 126 विधानसभा सिटमध्ये 74 सिटको परिणाम प्राप्त भएको छ। भाजपा र उसका सहयोगी दलहरूले 70 सिट जितेका छन् भने 30 सिटमा अग्रता लिएका छन्।कांग्रेस र उसका सहयोगी दलहरूले दुई सिट जितेका छन् र 20 मा अग्रता लिएका छन्। अन्यले दुई सिट जितेका छन् र दुईमा अग्रता लिएका छन्। भाजपा उम्मीदवार हितेन्द्र नाथ गोस्वामीले जोरहाट सीटबाट असम कांग्रेस प्रदेश अध्यक्ष गौरव गोगोईलाई पराजित गरेका छन्

**केरल- तमिलनाडु विधानसभा चुनाव**

केरलमा सबै 140 सीटहरुको परिणाम अनि रुझान उपलब्ध छ। कांग्रेसको नेतृत्वमा यूनाइटेड डेमोक्रेटिक फ्रंटको उत्कृस्ट जीत भएको छ। कांग्रेसलाई 33 सीटहरु प्राप्त भएको छ भने 30 सीटहरुमा अघि रहेको छ। कांग्रेसको सहयोगी आई.यू.एम.एल. ले 8 सीटहरुमा जीत दर्ता गरेको छ अनि 14 सीटमा अघि रहेको छ। सत्तारूढ सी.पी.एम. लाई सीट प्राप्त भएको छ अनि 8 सीटहरुमा अघि रहेको छ। केरल कांग्रेसलाई 6 सीटहरुमा जीत प्राप्त भएको छ अनि एकमा अघि रहेको छ। ताजा रुझानहरुबाट पत्तो लाग्छ कि मुख्यमंत्री अनि मार्क्सवादी कम्युनिस्ट पार्टीका नेता पिनराई विजयन धर्मादम निर्वाचन क्षेत्रबाट 18 हजार भन्दा अधिक मतहरुले अघि छन्।

तमिलनाडु विधानसभा चुनावमा अभिनेता बाट राजनेता बनेका विजयको नेतृत्वमा तमिलगा वेत्री कडगम- टी.वी.के. सबैभन्दा ठुलो पार्टीको रूपमा अघि आएर इतिहास रच्न तैयार छ। टी.वी.के. 101 सीटहरुमा अघि छ भने 7 सीटहरुमा जीत प्राप्त भैसकेको छ। निर्वाचन आयोगका अनुसार मुख्यमंत्री एम.के. स्टालिनको नेतृत्वमा सत्तारूढ डीएमके लाई अहिलेसम्म 6 सीट प्राप्त भएको छ अनि 53 सिटहरुमा अघि रहेको छ। एआईएडीएमके 44 अनि पी.एम.के ले 5 सीटहरुमा बढत बनाएको छ। कांग्रेस 4 सीटहरुमा अघि रहेको छ अनि भारतीय जनता पार्टीलाई एक सीटमा जीत प्राप्त भएको छ तथा तीन सिटहरुमा अघि रहेको छ।

**उपचुनाव**

पांच राज्यहरुको सात विधानसभा सीटहरुमा भएको उपचुनावमा भाजपाले गुजरात, त्रिपुरा अनि नागालैंडमा एक-एक सीट जीतेको छ अनि महाराष्ट्र तथा कर्नाटकमा एक-एक सीटमा अघि रहेको छ। कांग्रेसले कर्नाटकमा एक सीट जितेको छ, जबकि महाराष्ट्रमा भाजपा को सहयोगी राष्ट्रवादी कांग्रेस पार्टी (एनसीपी) उपचुनावमा अघि रहेको छ। त्रिपुराको धर्मनगर विधानसभा क्षेत्रमा भाजपाको जाहर चक्रवर्तीले मार्क्सवादी कम्युनिस्ट पार्टीका अमिताभ दत्तालाई **18 हजार 290** वोटको अंतरले पराजित गरे भने नागालैंडको कोरिडांग विधानसभा क्षेत्रमा भाजपाका दाओचिर आई इम्चेनले निर्दलीय उम्मीदवार तोशिकाबालाई **3 हजार 123** वोटको अंतरले पराजित गरे। गुजरातको उमरेठ विधानसभा क्षेत्रमा भाजपाका हर्षदभाई गोविंदभाई परमारले **30 हजार 7 सय** भन्दा अधिक वोटको अंतरले जीत प्राप्त गरे। कर्नाटकमा कांग्रेस उम्मीदवार उमेश हुल्लप्पा मेती बागलकोट निर्वाचन क्षेत्रबाट विजयी बनेका छन् भने दावणगिरी-दक्षिण निर्वाचन क्षेत्रमा कांग्रेसको समर्थमा शमनूर मल्लिकार्जुन चार हजार भन्दा अधिक वोटले अघि रहेका छन्।महाराष्ट्रमा राष्ट्रीय कम्युनिस्ट पार्टीका उपमुख्यमंत्री सुनेत्रा अजीत पवारले बारामती निर्वाचन क्षेत्रमा **एक लाख 88 हजार भन्दा अधिक** वोटको बढ़त बनाएका छन्। राहुरीमा भाजपाका अक्षय शिवाजीराव करदिले ले राष्ट्रवादी कांग्रेस पार्टीका मोकाटे गोविंद खांडुलाई एक लाख 12 हजार भन्दा अधिक वोटले पराजित गरेका छन्।

**नवान्न**

पश्चिम बंगाल विधानसभा चुनावको रुझानले भारतीय जनता पार्टीलाई स्पष्ट बहुमत दिने संकेत गरेपछि राज्य सचिवालय नवान्न बाहिर केन्द्रीय बल तैनाथ गरिएको छ।कतिपय सुरक्षा कारणले गर्दा केन्द्रीय सुरक्षा बलले सचिवालय परिसरलाई घेरामा लिएको छ।सूत्रहरु अनुसार धैरै शिक्षा, रासन र नियुक्तिहरूसित सम्बन्धित कथित भ्रष्टाचारका मामिलाको जांच केन्द्रीय एजेन्सीहरूले गरिरहेका छन्। यी मामिलाहरुसित सम्बन्धित महत्त्वपूर्ण कागजातहरू सुरक्षित राख्ने उद्देश्यले नवान्नको सुरक्षा बढाइएको छ।

**चुनाउ आयोग : मनोज अग्रवाल**

पश्चिम बङ्गाल विधानसभा चुनाउ 2026-लाई लिएर राज्यका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले महत्वपूर्ण प्रतिक्रिया व्यक्त गरेका छन्। उहाले भन्नुभयो, चुनाउ आयोगले दुई चरणमा सफलतापूर्वक तथा शान्तिपूर्ण ढङ्गमा मतदान सम्पन्न गराएर एउटा नयाँ इतिहास रचेको छ। यस सम्पूर्ण प्रक्रियाबाट उहाँ अत्यन्त खुशी छन्। चुनाउ अवधि सुरक्षाको व्यापक तथा कड़ा बन्दोबस्त गरिएको मनोज अग्रवालले बताउनु भयो । राज्यभरिका सबै मतदान केन्द्रहरूमा केन्द्रिय बलहरूको तैनाथी, सीसीटीभी निगरानी तथा संवेदनशील क्षेत्रहरूमा अतिरिक्त सुरक्षा व्यवस्था सुनिश्चित गरिएको थियो जसको फलस्वरूप मतदान प्रक्रिया शान्तिपूर्ण तथा निष्पक्ष ढङ्गमा सम्पन्न हुनसक्यो। उहाले भन्नुभयो , निर्वाचन आयोगको टीम, जिल्ला प्रशासन, पुलिस बल एवं सबै सम्बन्धित एजेन्सीहरूको समन्वयमा यो सम्भव हुन सक्यो। हरेक स्तरमा लगातार मनिटरिङ्ग गरियो भने कुनै पनि प्रकारको गड़बड़ीलाई तत्कालै नियन्त्रण गरियो।मुख्य निर्वाचन अधिकारीले मतदाताहरूप्रति पनि आभार व्यक्त गरे। उहाले भन्नुभयो , मानिसहरूले ठूलो सङ्ख्यामा मतदान गरेर लोकतन्त्रलाई मजबुत बनाएका छन्। विशेष गरेर युवा अनि महिलाहरूको सहभागिता उत्साहजनक रह्यो जसले लकतान्त्रिक प्रक्रियाप्रति जागरूकतालाई दर्शाउँछ। राज्यका विभिन्न मतगणना केन्द्रहरूमा सुरक्षाको कडा प्रबन्ध गरिएको थियो भने सम्पूर्म प्रक्रियालाई पारदर्शी ढङ्गमा सम्पन्न गराइयो ।चुनाउ आयोगको मुख्य उद्देश्य निष्पक्ष, पारदर्शी औ शान्तिपूर्ण चुनाउ गराउनु हो र यसपालि पश्चिम बङ्गालमा यो लक्ष्यलाई पूर्ण रूपमा हासिल गरिएको उहाले अझ बताउनुभयो ।

**नितिन गडकरी - भाजपा जीत**

सड़क परिवहन अनि राजमार्ग मंत्री नितिन गडकरीले भन्नुभयो कि पश्चिम बंगालमा भाजपाको भारी जीत प्रतेक कार्यकर्ताको लागि भावुक क्षण हो । सोशल मीडियामा एक पोस्टमा श्री गडकरीले यस ऐतिहासिक अनि निर्णायक जीत माथि प्रधानमंत्री नरेंद्र मोदीलाई बधाई दिनुभयो । उहाले भन्नुभयो – यो जनादेशले भाजपा कार्यकर्ताहरुको अथक समर्पणलाई दर्शाउदछ जसले जमीनी स्तरमा अथक परिश्रम गरे , सपनालाई साकार गरे अनि दशकौ देखि चल्दै आईरहेको गुंडागर्दी, हिंसा अनि वोट बैंक तुष्टीकरणको राजनीतिको अंत गरे । श्री गडकरीले विकासोन्मुखी शासनमा विश्वास, दृढ़ता अनि आस्थाको लागि बंगालका जनता प्रति आभार व्यक्त गर्नुभएको छ ।

**राजु बिष्ट**

दार्जिलिङका भाजपा सांसद राजु बिष्टले भारतीय जनता पार्टीको जितप्रति उत्साहित हुँदै यो जित उत्तर बंगालका जनताको संघर्षको परिणाम भएको बताउनुभयो र यसलाई उहाँले शहीद भाजपा कार्यकर्ताहरूलाई समर्पित गर्नुभएको छ।राजु विष्टले 15 वर्षको कथित कुशासनको विरुद्धमा जनताले मतदान गरेको र यो जित उत्तर बंगाल, पहाड, तराई र डुवर्सका जनतालाई समर्पित गरेको बताउनुभयो।

**भरत छेत्री**

कालेबुङ विधान सभा क्षेत्रबाट भारतीय जनता पार्टीका उम्मेदवार भरत छेत्रीको शानदार विजय पछि उनले पत्रकारलाई सम्बोधन गर्दै सम्पूर्ण मतदाताहरुलाईप्रति कृतज्ञता प्रकट गरेका छन्। चुनावमा हार जित हुन्छ नै भन्दै आफूले अब जनताको सेवा गर्ने बताएका छन्।

**गोर्खा राष्ट्रिय मुक्ति मोर्चा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले एक प्रेस विज्ञप्ति जारी गरेर आफ्नो गठबन्धन दल भाजपाले दार्जीलिङ्ग, खरसाङ अनि कालेबुङमा तीन वटै सिटमा जित हासिल गरेपछि बधाई दिएको छ। केन्द्रीय प्रवक्ता वाई लामाले यो जित केवल भाजपाको मात्रै नभएर सम्पूर्ण गोर्खा अनि जातिप्रेमीहरुको जित भएको बताएका छन् साथै सम्पूर्ण मतदाता अनि कार्यकर्ताहरुले पनि धन्यबाद अनि बधाई दिएका छन्।

**दार्जिलिङ भाजपा कार्यकर्ता र्‍याली**

दार्जिलिङमा आज भाजपाका कार्यकर्ताहरूले दार्जिलिङ निर्वाचन क्षेत्रमा 6 हजार 57 मतले विजय हासिल गरेपछि विजय उत्सव र्‍याली आयोजना गर्यो। यस र्‍यालीमा सांसद राजु विष्ट तथा जिल्ला अध्यक्ष सञ्जीव लामा सहभागी थिए। उनीहरूले कार्यकर्ताहरूलाई सम्बोधन गर्दै जनताको विश्वासका लागि धन्यवाद व्यक्त गरेका छन् ।

**राजीनामा**

भागोप्रमोको सौरेनी समष्टिका सचिव विनय सुब्बाले समष्टि सचिवको पदबाट आफ्नो राजीनामा दिएका छन् | समष्टि अन्तर्गत विभिन्न बुथ कमिटीहरूको निराशाजनक प्रतिफल तथा आफ्नै बुथमा समेत हार व्यहोर्नु परेको जिम्मेवारी लिँदै उहाले नैतिक रूपमा यस पदबाट एक प्रेस बिज्ञप्ति मार्फत राजीनामा दिएका छन् ।

**भारत लिपुलेक नेपाल**

भारतले लिपुलेक दर्रामाथि नेपालको दाबीलाई खारेज गरेको छ। भारतले यो दर्रा वर्ष 1954 देखि कैलाश मानसरोवर यात्राको मार्ग रहेको र दशकौंदेखि यस मार्गमा यात्रा जारी रहेको बताएको छ।विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले यस सन्दर्भमा नेपालको विदेश मन्त्रालयले गरेको सीमा सम्बन्धी दाबी बारे यो टिप्पणी गर्नु भएको हो। उहाँले यस सम्बन्धमा भारतको अडान स्पष्ट रहेको बताउनुभयो।श्री जयस्वालले भन्नुभयो यस्ता दाबीहरू न त न्यायसंगत छन् न त ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छन्।प्रवक्ताले भारत द्विपक्षीय सम्बन्धसित सम्बन्धित सबै मुद्दाहरूमा नेपालका साथ सार्थक वार्ता गर्न तयार रहेको बताउनुभयो।

**पुद्दुचेरी-मतगणना**

पुद्दुचेरीमा विधानसभाको सबै **30** सीटहरुको रूझान उपलब्ध छ । एनडीए गठबंधनले **12** सीटहरुमा जीत दर्ता गरेको छ अनि **पांच सीटहरुमा** बढत बनाईरहेको छ । AINRC ले 9 सीटहरु जितेको छ अनि दुई सिटमा अघि रहेको छ । भारतीय जनता पार्टीले दुई वटा सिट जितेको छ अनि दुई सिटमा बढत बनाएको छ । कांग्रेसले एक सीट जितेको छ । डीएमके ले एक सिट जितेको छ भने चार सिटहरुमा अघि रहेको छ । निदर्लीय अनि अन्य उम्मीदवारहरुले तिन सिटहरु जीतेका छन् ।

**********